# इटहरी उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**इटहरी, सुनसरी**

चलानं. ४८५

शिलबन्दी वोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०५।१३

यस कार्यालयबाट आ. ब.२०७५।७६ का लागि आन्तरिक आय अन्तर्गत तपशिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्त द्वारा गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीहरुवाट यो सुचना प्रकाशित भएको मितिले ३० तीस दिन भित्र कार्यालय समयमा तपशिलका सर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र ३१ औ दिनको १२.०० वजेसम्म शिलवन्दी वोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । कर असुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु वोलपत्र फारम साथ उपलब्ध गराइने छ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको वातावरण शाखामा कार्यालय समय भित्र सम्पर्क राखी तथा यस उ.म.न.पा.को वेभ पेज www.itaharimun.gov.np बाट समेत जानकारी लिन सकिनेछ ।

| सि. नं. | ठेक्का नं. | ठेक्का बिवरण | न्यूनतम अंक मु.अ.कर बाहेक | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | इटहरी उपमहानगरपालिका भित्रका स्वीकृत IEE प्रतिबेदन बमोजिमका खोलाहरुको नाकाहरुबाट ढुंङ्गा गिट्टी बालुवा बिक्रिकर संकलन | रु.७७,९६,१६५।- | रु.३०००।- | खोलाहरुको नाका संख्या ३ (तीन) परिमाण ८०,२८८ घ.मि. |

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिब)

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, सुनसरी, नेपाल
स्था. २०७३

**शर्त तथा बन्देजहरु :**

१. वोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ ।

२. शिलबन्दी वोलपत्र फारम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी आन्तरिक राजश्व कार्यालयबाट प्राप्त PAN को प्रतिलिपी मु.अ.कर दर्ताको प्रतिलिपी र आ. ब. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र समेत वोलपत्र फारम खरिद समयमानै पेश गर्नु पर्ने छ । धरौटी बापत कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत रकम यस कार्यालयको नाममा नेपाल बैक लिमिटेडको खाता नं. ०५९०३००००००००३००००३ मा नगद धरौटी जम्मा गरि सो को दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने छ वा मान्यता प्राप्त बैंक द्धारा यस उ.म.न.पा को नाममा जारी गरिएको बैक ग्यारेन्टी बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तीमा ९० दिन सम्म म्याद रहने गरी सोहि रकम बराबरको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

३. यो वोलपत्र फाराम बमोजिम पर्न आएका कुनै वा सबै वोलपत्र फारमहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस उप म. न. पा. मा . निहित रहने छ ।

४. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत , दोस्रो किस्ता ३० प्रतिशत र तेस्रो किस्ता २० प्रतिशत गरी बिभाजन गरिनेछ । यसरी निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा दोस्रो किस्ता बैशाख मसान्त र तेस्रो किस्ता वरावरको रकमको हकमा २० प्रतिशत असार मसान्तसम्म अवधि रहेको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ । एकमुष्ठ रकम बुझाउन चाहनेले मूल्य अभिबृद्धी करको रकम सहित एकमुष्ठ बुझाउँदा कबोल अंकमा मू.अ. करको रकम घटाइ बाकी रकममा १० प्रतिशतले हुन आउने रकम छुट दिइने छ ।

५. वोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ सात दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

६.ठेक्का कवोल गर्ने ठेकेदारले उप म. न. पा. ले तोकीएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो साबित भएमा नियमानुसार कानुनी कारवाही गरीन्छ । साथै रसिदको नमुना उप म. न. पा. बाट उपलब्ध गराइने छ ।

७.कुनै शर्त सहितको वोलपत्र फारम स्वीकार्य हुने छैन ।

८. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन तथा राखेको पाइएका नियमानुसार कारवाही गरिनेछ ।

९. धरौटी वापत जम्मा गरिएको रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाइने छैन ।

छवि. रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)

१०. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मु.अ.कर समेत बुझाउनु पर्नेछ ।

११. यस कार्यालय वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडि अन्य व्यवस्था गर्न सकिने छ । यसरी ठेक्का तोडि अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकदार स्वयंले व्यहोर्नु पर्ने छ ।

१२. सम्बन्धित कर संकलनका लागि उ. म. न. पा. ले तोकीएको स्थानहरु वा नाका बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइने छैन ।

१३ . कर संकलन कार्यगर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष वीच आपसी छलफलद्धारा समाधान गरिने छ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा उ. म. न. पा.को निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकदारको कर्तव्य हुनेछ ।

१४. यस वोलपत्र फाराममा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाह दिइने छैन ।

१६. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको वोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. ढुङ्गा, गिट्टी , वालुवा जस्ता पदार्थहरु नदीवाट उत्खनन गर्दा प्रचलित कानुन तथा कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक बहाबलाई प्रतिकुल असर नहुने गरी नदीको channelling गरेर मात्र उत्खनन गर्नुपर्ने छ ।

१८ . यस ठेक्काको लागि सम्झौता अवधि २०७६ जेष्ठ मसान्त सम्म मात्र कर संकलन गर्न पाउने गरी समयावधि कायम गरिएको छ ।

१९. उक्त वोलपत्र फारम साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने छ ।

२०. उक्त वोलपत्र फारममा कवोल गरेको अंक वापतको रकम यस उप म. न. पा. लाई बुझाउँदा चेक मार्फत कारोवार गर्न पाइने छैन । कार्यालयले उपलब्ध गराएको खातामा जम्मा गरी सो को भौचर पेश गर्नुपर्नेछ ।

२१.ठेकदारले राखेको धरौटी रकम सम्बन्धमा ठेक्का अवधि समात्त भएपछि आन्तरिक राजश्व कार्यालयवाट कर समायोजन पत्र लिई न.पा.मा पेश गरेपछि मात्र निजको धरौटि फिर्ता दिइने छ ।

२२.गत बिगत बर्षमा यस उ. म. न. पा. लाई ठेक्का रकम तिर्न वाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)

२३.ढुङ्गा , गिट्टी ,मिक्सगिट्टी , वालुवा तथा भरौट माटो आदि निकाल्दा अर्काको घरजग्गा कुलो वाध बाटो आदी क्षति हुनेगरी निकाल्न पाइने छैन ।

२४. शिलबन्दी वोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २.०० वजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । वोलपत्र फाराम खरीद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा ती कामहरु कमश भोली पल्ट हुनेछन ।

प्रमुख प्रशासकिय अधिकृत